# सङ्खुवासभा जिल्ला अदालतको मुद्दा सुनुवाई सम्बन्धी
# सूचना

मितिः २०७७/०५/०४

विश्वमा महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को उच्च जोखिमको अवस्थालाई दृष्टिगत गरी मिति २०७७ साल भाद्र ४ गते बिहिबारका दिन माननीय जिल्ला न्यायाधीश श्री शान्तिप्रसाद आचार्यज्यूको संयोजकत्वमा यस सङ्खुवासभा जिल्ला अदालत, जिल्ला सरकारी वकिल कार्यालय सङ्खुवासभा चैनपुर, इलाका प्रहरी कार्यालय चैनपुर तथा कानून व्यवसायीहरूसँगको छलफल तथा अन्तरक्रियाबाट देहायबमोजिम गर्ने निर्णय भई उक्त निर्णयहरू श्री उच्च अदालत विराटनगर धनकुटा इजलासबाटसमेत अनुमोदन भएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

निर्णयहरू:-

१. मिति २०७७/०५/०३ देखि ऐ. १२ गतेसम्म जिल्ला प्रशासन कार्यालय सङ्खुवासभाको मिति २०७७/०५/०२ गतेको सूचनाबमोजिम यस जिल्लाभरी पुनः लकडाउन गर्ने निर्णय भएबमोजिम सो अवधिसम्मका काम कारबाहीहरूलाई हाल स्थगित गर्ने र पुनः लकडाउन थप भएमा खुलेपछि अदालती काम बारबाहीहरूलाई सम्मानीत सर्वोच्च अदालत र उच्च अदालतबाट भएको निर्देशनबमोजिम गर्ने।

२. कानून व्यवसायीमार्फत अन्तिम हदम्याद जाने खालका देवानी प्रकृतिका मुद्दाहरूलाई दर्ता गर्ने।

३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ र १५५ नं. अनुसारको निवेदनको काम कारबाही गर्ने।

४. पक्राउ पूर्जीको अनुमति, कल डिटेल अनुमति र जरुरी पक्राउ पूर्जीको समर्थन सम्बन्धी कार्यहरू गर्ने।

५. यस अगाडि सम्मानीत सर्वोच्च अदालतबाट विभिन्न मितिका परिपत्र, निर्देशनबमोजिम हुनेगरी कार्यविधि संचालन गर्ने।

.............................

स्रेस्तेदार